**नीति जेकेसि - कर्मचारीद्वारा शारीरिक हस्तक्षेप वा बल/बिद्यार्थी अनुशासनको प्रयोग**

बिद्यार्थी अनुशासन लागू गर्दा वा बिद्यार्थीहरूसँग शारीरिक हस्तक्षेप गर्दा स्कूल डिस्ट्रिक्ट कर्मचारीलाई निम्न स्तरहरू लागू हुनेछन् :

क) बिद्यार्थी दुर्व्यवहारका लागि शारीरिक दण्ड, जस्तै हिर्काउन, पिट्न, कुट्न वा चिमोट्न निषेध गरिएको छ ।

ख) कुनै पनि स्कूल डिस्ट्रिक्ट कर्मचारीले निम्न कुराका लागि युक्तिसङ्गत र उपयुक्त शारीरिक हस्तक्षेप वा बल प्रयोग गर्न सक्नेछन् :

१. बिद्यार्थीलाई खतरनाक दुवर्यवहारबाट रोक्न;

२. कुनै हतियार वा खतरनाक बस्तुको स्वामीत्व प्राप्त गर्न;

३. आफूलाई सुरक्षित गर्न;

४. कुनै पनि व्यक्तिलाई हानीबाट जोगाउन; वा

५. सम्पत्ति बिनास गर्नबाट रोक्न

यस नीतिलाई लागू गर्न जिम्मेवारी पाएका स्कूल डिस्ट्रिक्ट कर्मचारीले यो नीति जात, लिङ्ग, उत्पत्ति राष्ट्र, नश्लियता, धर्म, असक्तता वा यौनिक झुकाव वा लैङ्गिक पहिचानमा आधारित कुनै पनि प्रकारको बिभेद नगरी लागू गर्नुपर्नेछ ।

स्कूल डिस्ट्रिक्ट कर्मचारीद्वारा यो नीति व्यबसायिक निर्णयको प्रयोग गरी, बिद्यालय समुदायका सदस्यहरूको सुरक्षा, हित र प्रतिष्ठाप्रति आवश्यक आदरसहित लागू गरिनेछ ।

अङ्गिकृत गरिएको : जनवरी १५, २००९